# इन्द्रसरोवर गाउँपालिका

# गाउँ खेलकुद विकास विधेक, २०८१

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कुलेखानी, मकवानपुर ।

२०८१/१०/०७

**प्रस्तावनाः**

इन्द्रसरोवर गाउँपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, विभिन्न तहगत राष्ट्रिय एवम अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम इन्द्रसरोवर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम इन्द्रसरोवर गाउँपालिका गाउँ खेलकुद विकास ऐन, २०८१ रहको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) अध्यक्ष भन्नाले दफा ३ बमोजिम गठित इन्द्रसरोवर गाउँपालिका गाउँ खेलकुद विकास समितिको अध्यक्ष सम्झिनु पर्छ।

(ख) उपाध्यक्ष भन्नाले इन्द्रसरोवर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले इन्द्रसरोवर गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा ११ बमोजिम दर्ता भएको संस्था सम्झिनु पर्छ ।

(इ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए या तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले इन्द्रसरोवर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले इन्द्रसरोवर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(क) समिति" भन्नाले उफा ३ बमोजिम गठित इन्द्रसरोवर गाउँपालिका गाउँ खेलकुद विकास समिति सम्झिनु पर्छ।

(झ) सदस्य" भन्नाले दफा ३ बमाजिमको समितिको सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(ज) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम गाउँ खेलकुद विकास समितिको सदस्य-सचिव सम्झिनु पर्छ ।

**३. इन्द्रसरोवर गाउँपालिका गाउँ खेलकुद विकास समितिः**

(१) गाउँपालिकामा खेलकुदको विकास गर्नको लागि पाँच सदस्यीय गाउँ खेलकुद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन ।

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति - अध्यक्ष

(ख) विगतमा जिल्ला, प्रदेश, राष्टिय, अन्तराष्टिय स्तरको क्षेत्रमा योगदान पुऱ्याई प्रमाण —पत्र, अनुभवी-पत्र प्राप्त खेलकुद क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई काम गरेको व्यक्ति मध्ये कम्तिमा २ जना र १ जना महिला सहित गाउँपालिकाको अध्यक्षले तोकेको ३ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी – सदस्य सचिव

(३) समितिको बैठकमा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको सबै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(५) समितिको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ ।

(६) खेलकुद विकास समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।

(७) खेलकुद क्षेत्रमा विषेश अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरुमध्येबाट कम्तिमा १ महिला सहित ३ सदस्यीय सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

(८) उपदफा २ को (ख) बमोजिम मनोनित हुने सदस्यको हकमा सोही बमोजिम पेश भएको प्रमाण पत्र नक्कली भएमा उक्त पदबाट स्वत खारेजी हुनेछ ।

**४. पदावधिः**

(१) इन्द्रसरोवर गाउँपालिका खेलकुद विकास समिति सदस्यको पदावधी पाँच वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही वमोजिम पदपूर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) बमोजिम कुनै सदस्यको दफा ६ अन्तर्गत सदस्यबाट हटाउनु पर्ने भन्ने लागेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई प्राप्त प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन। स्वतः पद रिक्त हुने अवस्थामा भने सुनुवाईको मौका अनिवार्य रहने छैन।

५. सदस्यको अयोग्यताः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस बर्ष उमेर पुरा नभएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरवार ठहरिएको ।

(घ) इन्द्रसरोवर गाउँपालिकाको स्थायी बासिन्दा नभएको ।

**६. सदस्यता रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता रिक्त भएको मानिनेछ ।

(क) दफा ५ वमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरीएमा।

(ख) गाउँपालिकाको अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा ।

(ग) निजको मृत्यु भएमा।

(घ) गाउँपालिकामा सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

(ड) दफा ४ को उपदफा (३) बमोजिम कार्यपालिकाको निर्णयले हटाएमा ।

**७. अध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने,

(ख) बैठकको अध्यक्षता गर्ने,

(ग) समितिलाई खेलकुद सम्बन्धि नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(घ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरि समिति समक्ष पेश गर्ने,

(ङ) अध्यक्षले वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

**८. सदस्य सचिबको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दैनिक प्रशासनिक कार्य सचालन गर्ने, गराउने,

(ख) खेलकुद समिति सन्वन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको वैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिबाट स्वीकृत खेलकुद सम्बन्धि नीति, योजना र कार्यकम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने

(च) वार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने,

(छ) खेलाडिको अभिलेख राख्ने ।

(ज) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,

**९. समितिको बैठक र निर्णयः**

(१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्ये बाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशिघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष र सदस्य-सचिवले वैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकारः**

दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकास्तरीय लगाएतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ख) अन्तर गाउँ/नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(ग) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

(घ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,

(ङ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(च) आवश्यकता अनुसार खेलकुद उप-समिति गठन गर्ने,

(छ) आफनो तह र मातहतका खेलकुद सम्बन्धि संघसंस्थाको नियमन गर्ने,

(ज) स्वदेशी तथा विदेशी प्रशिक्षकको व्यवस्था गर्ने उपयुक्त खेलाडीको छनौट गरि विदेशमा समेत तालिम लिन पठाउने र विदेशी प्रशिक्षक झिकाउँदा राष्ट्रिय खेलकुद परिषदको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(झ) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने

(ञ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ट) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगता सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने,

(ठ) खेलकुद बिकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ड) खेलकुद पर्यटनको विकास गर्ने,

(ढ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(ण) गाउँपालिका खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

(त) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने।

(थ) गाउँपालिकामा विभिन्न स्रोतबाट प्राप्त हुने खेलकुदका सामग्रीको संरक्षण गर्ने गराउने ।

(द) खेलाडीहरुको दुर्घटना बीमा गर्ने ।

(ध) गाउँपालिका भित्र अन्य निकायले सञ्चालन गर्ने जुनसुकै खेलकुद प्रतियोगिताको लागि आवश्यक जाँचबुझ गरी अनुमति प्रदान गर्ने ।

(न) गाउँपालिकामा जुनसुकै स्रोतबाट प्राप्त हुने खेलकुद सामाग्रीहरुको समिति मार्फत एकद्धार प्रणालीबाट प्राप्ति, हस्तान्तरण र व्यवस्थापन गर्ने, गराउने।

### ११. खेलकुद सम्बन्धी संस्था दर्ताः

(१) खेलकुद सम्बन्धि क्रियाकलाप आयोजना गर्ने क्लब संघ वा संस्थाको दर्ता, सुचिकरण समिति मार्फत गाउँपालिकामा हुनेछ ।

(२) यस अधि अन्य निकायमा दर्ता, सुचिकरण, अध्यावधिक रहेका खेलकुद सम्बन्धि संस्था यस विधेक बमोजिम दर्ता हुनु पर्नेछ ।

### **१२. दर्ताको तथा नवीकरणका लागि निवेदन दिनु पर्नेः**

(१) दफा ११ बमोजिम नाम दर्ता, सुचिकरण र नवीकरण गराउन चाहने खेलकुद सम्बन्धि संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ङ) वार्षिक कार्ययोजना र आयश्रोत।

(च) नवीकरणको हकमा लेखापरीक्षणको प्रतिवेदन, करचुक्ता प्रमाण पत्र र अन्य आवश्यक कागजातहरु

### **१३. दर्ता सुचीकरण गर्न सक्नेः**

(१) दफा १२ बमोजिम नाम दर्ता सूचीकरण गराउनको लागि दरखास्त परेमा समितिले तीस दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सूचीकरण गर्न सक्नेछ ।

(२) समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**१४.विधान संशोधनको सूचनाः**

(१) यो विधेक बमोजिम समितिमा नाम दर्ता सुचीकरण भएको खेलकुद सम्बन्धि संस्थाले दफा ११ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरि सूचना तीस दिन भित्र समितिलाई दिनु पर्नेछ,

(२) उपदफा (१) वमोजिम हेरफेरको सुचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१५. हिसाबको श्रेस्ता राख्नु पर्नेः**

(१) खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको आम्दानी र खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको जाँचबुझ गाउँपालिका र दफा ३ बमोजिम गठित समितिले जहिले सुकै गर्न गराउन सक्नेछ ।

**१६. निर्देशन दिनेः**

(१) समितिले मातहतका खेलकुद सम्वन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिने सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धि संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धि संस्था वा दफा १५ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराखे वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धि संस्थाको नाम समितिले आफ्नो सुचिकरण बाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) समितिले आफ्नो सुचिकरणबाट कुनै खेलकुद सम्वन्धि संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धि संस्थालाई दिनु पर्नेछ ।

**१७. स्वीकृति लिनु पर्नेः** खेलकुद सम्बन्धि संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगता वा सुचिकरण अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकुद प्रतियोगता राष्ट्रिय अन्तराष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृत लिनु पर्नेछ ।

**१८. समितिको कोषः**

(१) समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकार, इन्द्रसरोवर गाउँपालिकावाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापत उठेको शुल्क,

(ग) खेलकुद सम्बन्धि प्रशिक्षण प्रदान गरे वापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरि आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा ऐजेन्सीबाट प्राप्त रकम

(छ) अन्य कुनै श्रोतवाट प्राप्त रकम ।

(२) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिने छ ।

(३) समितिको कोषवाट रहने रकम बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) समितिको खाता संचालन समितिको बैठकको निर्णय बमोजिम समिति भित्रको कम्तिमा दुई जनाको संयुक्त दस्तखत बमोजिम हुनेछ ।

**१९. लेखा र लेखापरीक्षणः**

(१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) गाउँपालिकाले समितिको आय व्ययको लेखा, तत् तत् सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ। र नियम अनुसार आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र अनिवार्य रुपमा लेखा परीक्षण गराउनु पर्नेछ र सो को प्रतिवेदन समितिमा पेश गरी छलफल गराउनु पर्नेछ ।

**२०. सदस्यको भत्ताः** दफा ३ बमोजिम गठित समितिका सदस्यहरूलाई समितिको बैठकमा भाग लिए बापत गाउँपालिकाको नियमानुसार महिनाको तीन वटा बैठक सम्मको बैठक भत्ता पाउने छन् ।

**२१. गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले खेलकुद विकास गर्नको लागि खेलकुद समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशन दफा ३ बमोजिम गठित समितिले पालना गर्नु पर्नेछ ।

**२२. सपथ ग्रहणः** दफा ३ बमोजिम गठन भएको समितिका पदाधिकारीहरुले अनुसूची-१ बमोजिमको ढाँचा अनुसार सपथ ग्रहण लिनु पर्नेछ । समितिका पदाधिकारीहरुले गाउँपालिका अध्यक्ष समक्ष शपथ ग्रहण लिनुपर्नेछ ।

**२३. सजाय र कारबाहीः**

(१) खेलकुद समितिले देहाय वमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछः-

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित दश हजार रुपैयाँ जरिवाना र सोही कसुर दोऱ्याएमा समिति वा संस्था खारेज गर्ने ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा दश हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिवन्ध गरिनेछ । गाउँपालिकास्तरको खेलकुद प्रतियोगिताको हकमा पन्ध्र हजार रुपैया जरिवाना र एक वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध गरिनेछ ।

(२) उपदफा १ बमोजिम खेलकुद समितिले गरिएको सजाए उपर चित्त नबुझेमा गाउँपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

**२४. नियम बनाउने अधिकारः** यस विधेक कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र संशोधन समेत गर्न सक्नेछ ।

**२५. यस ऐन बमोजिम हुनेः** यस विधेकमा लेखिएका कुरामा यसै विधेक बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **बाधा अड्काउ फुकाउ सम्बन्धि अधिकारः** यस ऐन बमोजिम भएका काम कारबाही र गरिने काम कारबाहीका सम्बन्धमा कुनै बाधा र अवरोध परेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची १ दफा २२ सँग सम्बन्धित
## शपथको विवरण

गाउँ खेलकुद विकास समिति को ...............................म.................................. ले गाउँपालिकाको गाउँ भित्रका खेलकुद विकास तथा समग्र खेल क्षेत्रको विकासमा मेरो ज्ञान, विवेक र सामर्थ्यले भ्याएसम्म निष्ठापूर्वक आफ्नो कार्यकालमा ईमान्दारीतापूर्वक कार्य गर्नेछु । खेल क्षेत्रमा भएका काम कारवाहीको आफ्नो समिति बाहेक अन्यत्र राखु पर्ने गोपनीयतालाई सुरक्षित राख्नेछु भनि म नैतिक रुपमा शपथ लिन्छु ।

| शपथ ग्रहण गर्नेको | शपथ गराउनेको |
|---|---|
| नामः- | नामः- |
| पदः- | पदः- |
| हस्ताक्षरः- | हस्ताक्षरः- |